# त्रिपुरासुन्दरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## धादिङ, सल्यानटार

## बागमती प्रदेश

# राजस्व सुधार कार्ययोजना

## २०७९

## मस्यौदा प्रतिवेदन

## Revenue Improvement Action Plan (RIAP)

<u>प्राविधिक सहयोग</u>

**नेपाल डेभलपमेन्ट कन्सल्टेन्सी**

**गोठाटार, काठमाण्डौ**

बागमती प्रदेश

# बिषय सूची


बिषय सूची ........ क

तालिका सूची ........ ग

नक्शा तथा चित्र सूची ........ ग

**परिच्छेद - एकः परिचय ........ १**

**१.१ पृष्ठभूमि ........ १**

**१.२ राजस्व सुधार योजनाको औचित्य ........ २**

**१.३ योजनाले राखेका उद्देश्यहरु ........ ३**

**१.४ योजना तर्जुमा विधि र प्रक्रिया ........ ४**

१.४.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन ........ ५

१.४.२ प्रारम्भिक अभिमुखीकण तथा कार्ययोजना सम्बन्धि छलफल ........ ६

१.४.३ तथ्यांक तथा सूचना संकलन ........ ७

१.४.४ मस्यौदा प्रतिवेदन तयारी ........ ८

१.४.५ अन्तिम प्रतिवेदन पेश ........ ८

**१.५ योजनाका सीमाहरु ........ ८**

**परिच्छेद - दुईः गाउँपालिकाको सक्षिप्त परिचय ........ ९**

**२.१ संक्षिप्त परिचय ........ ९**

**२.२ मानव संसाधनको अवस्था ........ १२**

**२.२ भौतिक सम्पत्तिको अवस्था ........ १३**

**परिच्छेद ३. स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता ........ १४**

**३.१ गाउँपालिकाको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानूनी व्यवस्था ........ १४**

**३.२ गाउँपालिकाको आय परिचालनको अवस्था ........ १६**

**३.३ गाउँपालिकाको आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र संभावना विश्लेषण अवस्था ........ १८**

३.३.१ स्थानीय कर राजश्व ........ १८

३.३.२ गैर कर राजश्व ........ २२

**परिच्छेद - चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ २८**

**४.१ राजश्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र ........ २८**

**४.२ आय संकलनको संस्थागत क्षमता ........ २९**

**४.३ आन्तरिक आय परिचालन ........ ३०**

**४.३ राजश्व प्रशासन तथा नीतिसम्बन्धी सवालहरू ........ ३१**

**४.४ प्रभावकारी राजश्व परिचालनका प्रमुख पक्षहरू ........ ३१**

**४.४.१ कानूनी तथा नीतिगत व्यवस्था ........ ३१**

**४.४.२ उपयुक्त संगठन निर्माण** ........ ३२

**४.४.३ तथ्यांकमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण** ........ ३२

**४.४.४ विभिन्न आयमूलक कार्यक्रम** ........ ३२

**४.४.५ पारदर्शिता र जवाफदेहिता** ........ ३२

**४.४.६ परिवर्तित ब्यवस्था अनुसार राजश्व संकलन** ........ ३२

**परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना** ........ ३३

**परिच्छेद - छः आगामी तीन बर्षको आय प्रक्षेपण** ........ ३९

**६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण** ........ ३९

**६.२ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण** ........ ४१

**परिच्छेद - सातः अपेक्षित नतिजा** ........ ४४

**परिच्छेद - आठः अनुगमन तथा मूल्याङ्कन** ........ ४६

**८.१ अनुगमन तथा मूल्याङ्कन** ........ ४६

अनुसूचीहरु ........ ४८

अनुसूची १: तथ्याङ्क सङ्कलन सूची ........ ४८

अनुसूची २ विषयगत विश्लेषणको नमूना फाराम ........ ५५

अनुसूची ३ वस्तुगत विश्लेषणको नमूना फाराम ........ ६०

अनुसूची ४: मस्यौदा प्रस्तुतीकरणको फोटाहरु ........ ६२

अनुसूची ५ - तथ्याङ्क संकलनको क्रममा राजस्व शाखा ........ ६३

अनसूची ६ - मस्यौदा प्रस्तुतीकरण तथा अभिमुखिकरण कार्यशाला गोष्टी प्रस्तुतीकरणको माईन्यूट ........ ६४

# तालिका सूची

तालिका 1 गाउँपालिकाको वडा विभाजन र क्षेत्रफल १०
तालिका 2 गाउँपालिकाको जनसंख्या विवरण ११
तालिका 3 त्रिपुरासुन्दरी गाउँपालिकाको भू-उपयोगको प्रकार ११
तालिका 4 गाउँपालिकाका कर्मचारीहरुको विवरण १२
तालिका 5 स्थानीय सरकार संचालन ऐन, कानुन अनुसारको राजश्व अधिकार १४
तालिका 6 आन्तरिक आय परिचालनको वर्तमान अवस्था १७
तालिका 7 संभाव्य सम्पति करदाता तथा सम्पति कर १८
तालिका 8 मालपोतको दर १९
तालिका 9 घर बहाल करको सम्भावनाको गणना २०
तालिका 10 व्यावसाय कर संभावनाको गणना २१
तालिका 11 सिफारिस दस्तुर सम्भावना २५
तालिका 12 सम्पत्तिहरूको बहालबाट प्राप्त आय २६
तालिका 13 राजश्व परामर्श समिति विवरण २८
तालिका 14 गाउँपालिकाको आयको अवस्था ३०
तालिका 15 कर राजश्व सुधार योजना ३३
तालिका 16 गैर कर राजश्व सुधार योजना ३५
तालिका 17 आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपणको आधार ३९
तालिका 18 आगामी तीन आर्थिक वर्षको लागि आय प्रक्षेपण ४१
तालिका 19 गाउँपालिकाको आय संरचना ४४
तालिका 20 अनुगमन योजना ४६


# नक्शा तथा चित्र सूची

चित्र 1 वित्तीय हस्तान्तनण १
चित्र 2 राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्य ३
चित्र 3 कार्ययोजना तर्जुमाका चरणहरु ४
चित्र 4 त्रिपुरासुन्दरी गाउँपालिकाको भौगोलिक अवस्थति ९

# परिच्छेद - एकः परिचय

## १.१ पृष्ठभूमि

संविधान २०७२ ले नेपालमा तीन तहका सरकारको व्यवस्था गरेको छ । यस अनुरुप ७५३ स्थानीय तहको (गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका तथा महानगरपालिका) निर्वाचन सम्पन्न भै संविधानले व्यवस्था गरे वमोजिम अनुसूचि ८ अनुसार निसृत गरिएका काम कर्तव्य र जिम्मेवारीहरु निर्वाह गर्दै आईरहेको छन् । नेपालको संविधानले यी तीन तहका सरकारका वीच समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्धद्वारा सहकारी मोडेलको संघीयता कार्यान्वयनमा रहेको छ ।




*चित्र 1 वित्तीय हस्तान्तनण*

स्थानीय सरकारलाई प्राप्त भएका वित्तीय अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता महशुस भएको छ । यसको मुख्य कारणहरुमा स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना, आयको सम्भावना अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदि व्यवस्था तथा अभ्यासको कमी हुनु रहेको छ ।


स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता बन्न पुगेको छ यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा

परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना खाँचो देखिन्छ ।

यस दस्ताबेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरुले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, गाउँपालिकाको आन्तरिक आय सुधारका लागि सहभागितात्मक विधिबाट समस्या तथा अवसरहरुको पहिचान गरी मुख्य उपलब्धिका रुपमा गाउँपालिकाको कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी गाउँपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन जस्ता कार्यहरु रहेका छन् ।

**१.२ राजस्व सुधार योजनाको औचित्य**

स्थानीय सरकारलाई संविधानले दिएको अधिकार प्रयोग गरी अनुसूची ८ मा रहेका २२ वटा प्रमुख कार्यक्षेत्र भित्रका जिम्मेवारीहरु पुरा गर्नुपर्ने अवस्था छ । यस प्रयोजनका लागि स्थानीय सरकारलाई संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय अनुदानका अतिरिक्त स्थानीय सरकारलाई आफ्नै राजश्वका आधारहरु तयार गर्ने अधिकार निहित रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (घ) र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ अनुसार स्थानीय सरकारलाई आफ्नो क्षेत्रमा कर गैर कर संकलन गर्नसक्ने अधिकार रहेको छ । तर कर प्रणाली र अधिकार क्षेत्रबारे कम जानकारी, स-साना व्यवसायहरुमा कर लागू गर्दा हुनसक्ने संभावित अलोकप्रियता, स्थानीय सरकारलाई प्राप्त हुन आएको अनुदान नै खर्च हुन नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवश्यकता महसुस नहुनु जस्ता कारणहरुले गर्दा आफ्नो अधिकार क्षेत्र भित्र रहेर स्थानीय तहले अपेक्षित रुपमा राजश्व संकलन गर्न सकिरहेको अवस्था छैन । यसरी स्थानीय सरकारहरुले वित्तीय संघीयताको पूर्ण अभ्यास गर्न नसकेका कारण सार्वजनिक क्षेत्र भित्र रहेर वैज्ञानिक कर प्रणाली लागू गरी कार्यान्वयन गराई आफ्नै राजश्व आधार तयार गर्ने सहयोग पुऱ्याउनु नै यस राजश्व सुधार कार्ययोजना तर्जुमाको मुख्य ध्येय रहेको छ । राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको शांरासलाई निम्न बुदामा प्रस्तुत गरिएको छ ।




*चित्र 2 राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्य*

### **१.३ योजनाले राखेका उद्देश्यहरु**

त्रिपुरासुन्दरी गाउँपालिकाको  आन्तिरक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरु न्यूनिकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ बर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उदेश्य हो । यस कार्यक्रमका सहायक उदेश्यहरु देहाय अनुसार रहेका छन् ।

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- राजस्व वृद्धिको लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित पालिकाको राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण ।
- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।

- ➢ नयाँ सम्भावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- ➢ स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारका लागि सुझाव प्रदान गर्ने ।

### १.४ योजना तर्जुमा विधि र प्रक्रिया

त्रिपुरासुन्दरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमाको मार्गदर्शकका रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ बाट प्राप्त यस योजना तर्जुमाको कार्यक्षेत्रगत शर्त (Terms of References) मा उल्लेख भएको तर्जुमा विधि र मार्गनिर्देशनलाई आधार मानिएको छ। साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्याङ्क तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिका बमोजिम कार्ययोजना तर्जुमाका चरणहरु यसप्रकार रहेका छन् ।

१. राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण
२. योजना तर्जुमा कार्यदल गठन
३. योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामाग्रीहरु सङ्कलन तथा अध्ययन
४. प्रारम्भिक कार्यशालाको आयोजना
५. सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण
६. राजस्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक)
७. योजनाको मस्यौदा तयारी
८. राजस्व सम्भावना विश्लेषण तथा राजस्व प्रक्षेपण
९. मस्यौदा प्रतिवेदन गाउँपालिकामा प्रस्तुति र सुझाव सङ्कलन
१०. मस्यौदा पुनरावलोकन र अन्तिम मस्यौदा तयारी
११. नगर कार्यपालिकामा छलफल र स्वीकृति

*चित्र 3 कार्ययोजना तर्जुमाका चरणहरु*

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम सम्बन्धमा त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ जिल्ला, बागमती प्रदेश र यस नेपाल डेभलपमेन्ट कन्सल्टेन्सीबीच सम्झौता भएपछि विभिन्न समयमा भएका छलफलहरुबाट गाउँपालिकाबाट आवश्यक सन्दर्भ सामग्री सङ्कलन गरी अध्ययन टोलीलाई प्राप्त भएको हो । राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्न विधि र प्रकृया अवलम्वन गरिनेछ । मुलत: राजस्व सुधार कार्ययोजना तर्जुमा Coaching & Mentoring (स्थलगत रुपमा सँगसँगै काम गर्दै सिकाउँदै जाने) विधिमा आधारित हुनेछ ।

- त्रिपुरासुन्दरी गाउँपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिला परामर्शदाताले प्रदेश प्रशिक्षण केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्मचारीहरुसँग त्रिपुरासुन्दरी  गाउँपालिकामा गर्नुपर्ने कार्यको योजना बनाई छलफलबाट अन्तिम रुप दिई अगाडी बढाईएको छ ।
- त्रिपुरासुन्दरी गाउँपालिकाबाट राजस्व कार्ययोजना तर्जुमा कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन र फलोअप हुनेछ भने प्रदेश प्रशिक्षण केन्द्रबाट अनुगमन हुन सक्नेछ । सो कार्यका लागि सेवा प्रदायक संस्थाले यो कार्य गर्नका लागि विस्तृत कार्ययोजना समेत पेश गरेको छ । परामर्शदाताले प्रदेश सुशासन केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्माचारीहरुसँग निरन्तर समन्वयमा कार्य गर्नेछ ।
- राजस्व सुधार कार्ययोजना निर्माण प्रकृयालाई सहभागितामूलक विधिबाट सञ्चालन गरेको छ । साथै यस विषयमा त्रिपुरासुन्दरी  गाउँपालिकाका कर्मचारीहरुको पनि क्षमता अभिवृद्धि गर्नु पर्नेछ । यस सन्दर्भमा त्रिपुरासुन्दरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा अन्य जनप्रतिनिधि, कर्माचारी एवम् सरोकारवालाहरुको सहभागिता र समूह छलफलबाट राजस्व सुधार सम्बन्धी आवश्यकताहरु पहिचान गरेको छ ।
- यस प्रकृयाबाट पहिचान गरिएका आवश्यकताहरुलाई एकिकृत गरी त्रिपुरासुन्दरी गाउँपालिकाको ३ वर्षे राजस्व सुधार कार्ययोजना तयार गरिनेछ र अन्तिम दस्तावेज तयार गरी त्रिपुरासुन्दरी  गाउँपालिकालाई प्रस्तुतिकरण गरी आवश्यक सुझावहरुलाई सङ्कलन गरी दस्तावेजलाई अन्तिम रुप दिईएको छ ।
- राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज (विद्युतिय तथा भौतिक प्रति) त्रिपुरासुन्दरी गाउँपालिका र प्रदेश प्रशिक्षण केन्द्र, जावलाखेल, ललितपुरमा बुझाईने छ ।
- प्रदेश प्रशिक्षण केन्द्रबाट कार्यक्रमको अन्तिम भुक्तानी लिनका लागि प्रदेशमा गठन मूल्याङ्कन समितिको अन्तिम मूल्याङ्कन पश्चात खर्चसँग सम्बन्धित आवश्यक विल, भरपाई सहित कार्यक्रमको अन्तिम प्रतिवेदन बुझाईने छ ।

**१.४.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन**

यस चरणमा परामर्शदाताबाट राजश्व सुधार कार्य योजनासंग सान्दर्भिक विभिन्न सन्दर्भ सामाग्री, दस्तावेज, प्रतिवेदन, ऐन, कार्यविधि आदिको संकलन तथा अध्ययन गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छः

- स्थानीय सरकार संचाल ऐन २०७४ (संशोधन सहित)
- राजश्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८
- विगत ३ आर्थिक बर्षको (आर्थिक बर्ष २०७६/७-२०७८/७९) आय व्ययको यथार्थ विवरण
- गाउँपालिकाको  बार्षिक नीति तथा कार्यक्रम, २०७८/७९
- गाउँपालिकाको  आर्थिक ऐन, २०७८
- गाउँपालिकाको नगर वस्तु विवरण (पार्श्वचित्र), २०७७
- एकीकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्या, २०७४
- बागमती प्रदेशको आर्थिक ऐन, २०७६

- वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

**१.४.२ प्रारम्भिक अभिमुखीकण तथा कार्ययोजना सम्बन्धि छलफल**

यस त्रिपुरासुन्दरी गाउपालिका राजश्व सुधार कार्ययोजनाले निर्दिष्ट गरेको उद्वेश्य प्राप्त गर्नको लागि परामर्शदाताका प्राविधिक र विज्ञहरुलाई वागमती प्रदेश सुशासन केन्द्रको तर्फबाट योजना तर्जुमा सम्बन्धि अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा बागमती प्रदेश सुशासन केन्द्रमा कार्यकारी निर्देशक लगायत अन्य सम्बन्धित कर्मचारी, राजश्व सुधर योजना तर्जुमा टोलिका टोलि प्रमुख, विषय विज्ञ आदिको सक्रिय सहभागिता रहेको थियो । नगरपालिकाका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजश्व र लेखा शाखाका कर्मचारीहरुसंग फोन, इमेल तथा अन्य विद्युतीय माध्यमबाट सम्पर्क गरी नगरपालिकाले हालसम्म परिचालन गरि आएका करहरु, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको बर्तमान संरचना वारे जानकारी लिनुका साथै राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियावारे जानकारी गराई नगरपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको थियो । राजश्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्य जिम्मेवारी निर्धारण गरी आवश्यक सूचना संकलन फाराम नगरपालिकामा पठाई सो सम्बन्धमा इमेल र टेलिफोन मार्फत स्पष्ट गराई गणक समेत व्यवस्था गरी सम्बन्धित सूचना, सामग्रीहरु नगरपालिकाले संकलन गरी पठाउने प्रतिवद्धता प्राप्त भएको थियो । प्राप्त सूचनाका आधारमा राजश्वको स्थानीय अवस्थावारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुगेको थियो । राजस्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्यजिम्मेवारी निर्धारण गरी आवश्यक सूचना सङ्कलन फाराम अनुसार सम्बन्धित सूचना, सामाग्रीहरु आदिका आधारमा त्रिपुरासुन्दरी गाउँपालिकाको राजस्वको अवस्था बारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुगेको हो । आवश्यक सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषण पश्चात विज्ञहरुको टोलीबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरुको विकास गरि सो फारामलाई अन्तिम रुप दिन यस कार्यमा सङ्लग्न विज्ञहरुबीच आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको थियो । सूचना सङ्कलनका लागि तयार गरिएको फारमहरु निम्नानुसार रहेका छन् ।

- गाउँपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरुसँगको परामर्शका लागि तयार गरिएको सूचना सङ्कलन चेकलिष्ट अनुसुची १ मा रहेको छ । यस सूचीमा मुख्यत: नगरपालिकको संक्षिप्त परिचय, गठन, राजस्व प्रशासनको अवस्था र विगत तीन आर्थिक वर्षको राजस्व परिचालनको स्थिति बारे जानकारी लिने उद्देश्यले यो फारमको प्रयोग गरिएको छ ।

- राजस्वका शिर्षकगत समूह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फारम अनुसूची २ मा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार कर र गैरकरहरुको शिर्षकगत रुपमा वर्तमान समस्याहरु, सम्भावना, समाधानका लागि गर्नुपर्ने उपायहरु र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधीका बारेमा समूहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको हो ।

### १.४.३ तथ्यांक तथा सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा विभिन्न विधिहरुको प्रयोग गरी आवश्यक तथ्यांक तथा सूचनाहरू संकलन गरिएको थियो । गाउँपालिकाबाट संकलित आवधिक योजना, विगतका बार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य, आय तथा व्ययको विवरण, आर्थिक ऐन, विनियोजन ऐन, अन्य नीति तथा कानून र राजश्व परामर्श समितिका सिफारिस आदिलाई पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा संकलन गरिएको थियो । गाउँपालिकाबाट निम्न दस्तावेज र सूचनाहरु संकलन गरिएको थियो (तथ्याङ्क संकलनको फोटो अनुसूची ४ मा राखिने छ) ।

- विगत ३ आर्थिक बर्षको आय व्ययको यथार्थ विवरण
- चालु आर्थिक बर्षको आर्थिक ऐन र बजेट
- गत बर्षको बार्षिक प्रगति प्रतिवेदन
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
- संगठन संरचना तथा कर्मचारीको विवरण ।
- गाउँपालिकाको भौतिक अवस्था ।
- राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
- कार्यकक्ष तथा कार्य स्थलको पर्याप्पता ।
- फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
- राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
- कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
- वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

तथ्याङ्क तथा सूचना संकलनको विस्तृत चेकलिष्ट अनुसूची ३ मा राखिने छ ।

त्रिपुरासुन्दरी गाउँपालिकाको सङ्कलित विगतका आय तथा व्यय, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानूनहरु र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा गाउँपालिका र वडास्तरका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरु विश्लेषण गरिएको हो । जसबाट कार्ययोजना तर्जुमा सम्बन्धी अपुग सूचना, अस्पष्टता र मुख्य सवाल सम्बन्धी जानकरी भयो । यी विषयमा थप प्रष्टताका लागि गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतसँग भएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, गाउँपालिकाले भोगिरहेका चुनौतीहरु, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान भयो । त्यसपछि सबै प्राप्त

सूचनाहरु र अन्तर्क्रियाबाट प्राप्त वस्तुस्थित बारेको थप स्पष्टता पछि केही अझ स्पष्ट हुनुपर्ने विषयहरु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा लेखा अधिकृतसँग टेलिफोन छलफल गरि स्पष्ट गरी सोही आधारमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयार गरिने छ ।

**१.४.४ मस्यौदा प्रतिवेदन तयारी**

मस्यौदा प्रतिवेदन उपर सुझाव संकलनको लागि एक दिने कार्यशाला गोष्ठीको आयोजना गरिने छ । उक्त कार्यशाला गोष्ठीमा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, सम्बन्धित शाखाका कर्मचारीहरु, परामर्शदाताका टोलि नेता र विज्ञहरु लगायत अन्य सरोकारवाला व्यक्तिहरुको सहभागिता रहने छ ।

**१.४.५ अन्तिम प्रतिवेदन पेश**

मस्यौदा प्रतिवेदन उपर कार्यपालिकाको वैठकमा भएको छलफलबाट प्राप्त सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यस राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन पेश गरिने छ ।

**१.५ योजनाका सीमाहरु**

गाउँपालिकाको  राजश्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएतापनि राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिने छ ।

क) अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ ।

ख) गाउँपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग छलफलहरुबाट प्राप्त गरिएको छ ।

ग) गाउँपालिकाको  आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।

घ) संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन।

ङ) गाउँपालिकाको  जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको  सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्याङ्कन दरमा हुने वृद्धि तथा राजश्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर पर्ने भएतापनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।


# परिच्छेद - दुईः गाउँपालिकाको सक्षिप्त परिचय

## २.१ संक्षिप्त परिचय

त्रिपुरासुन्दरी गाउँपालिकाको राजस्व सम्भाव्यता पहिचान, परिचालन र व्यवस्थापनका लागि गाउँपालिकाको वस्तुस्थिति, आर्थिक गतिविधि, मानवीय संसाधान तथा भौतिक स्रोत साधन लगायतको महत्वपूर्ण भूमिका रहन्छ । यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ ।

### २.१.१ अवस्थिति

त्रिपुरासुन्दरी गाउँपालिका धादिङ जिल्लामा अवस्थित छ । यस गाउँपालिका साविकका पाँच वटा गा.वि.स.हरु (सल्यानटार ,आगिन्चोक, मुलपानी, सल्यानकोट, र त्रिपुरेश्वर) मिलेर बनेको हो । यस गाउँपालिकामा सात वटा वडाहरु रहेका छन् । सरकारबाट त्रिपुरासुन्दरी गाउँपालिका को रुपमा स्थापना भएको हो, भने गाउँ कार्यपालिकाको कार्यालय साबिकको सल्यानटार गाबिस भवनमा रहेको छ। यस गाउँकार्यपालिकाको पूर्वमा नेत्रावती र गंगाजमुना गाउँपालिका, पश्चिममा गोर्खा जिल्ला उत्तर मा गंगाजमुना गाउँपालिका ,र दक्षिणमा ज्वालामुखी ,नेत्रावती गाउँपालिका तथा निलकण्ठ नगरपालिका पर्दछ । यो गाउँपालिकाका २७⁰ ५८' ०३" देखि २८⁰ ०४' १३" उत्तरी अक्षांश सम्म तथा देशान्तर ८४⁰ ४६' ११२" देखि ८४⁰ ५६' ४०" पूर्वी देशान्तर सम्म फैलिएकोछ भने क्षेत्रफल ८४.३६ वर्ग कि.मी. रहेको छ।




*चित्र 4 त्रिपुरासुन्दरी गाउँपालिकाको भौगोलिक अवस्थिति*

**नामाकरण**

ऐतिहासिक भगवति मन्दिर त्रिपुरासुन्दरीको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको पाईन्छ । यो ऐतिहासिक मन्दिरको महिमा परापूर्व कालदेखिनै रहेको जनश्रुति अनुसार थाहा पाउन सकिन्छ, तथापि यस मन्दिरको नाममा रहेको ७०० रोपनी िचमन गुठी स्वरूप रहेको तथ्य र राष्ट्र निर्माता पृथ्वीनारायण शाहसँग मैदीकोट, सलयानकोट, कानाकोट जस्ता ठाउँहरूको प्रसंग जोडिएको हुंदा तत्कालिन समयमा गोरखा राजघरानासंग यस मचन्दरको सम्वन्ध रहेको

पाईन्छ । नेपाल सरकारबाट त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय साबिकको सल्यानटार गाबिस भवनमा रहेको छ ।

### २.१.२ राजनैतिक एवं प्रशासनिक विभाजन

त्रिपुरासुन्दरी गाउँपालिका बागमती प्रदेश अन्तरगत धादिङ जिल्लामा अवस्थित रहेको छ । त्रिपुरासुन्दरीगाउँपालिका साविकका ७ वटा गा.वि.स.हरु ( सल्यानटार, आगिन्चोक, मुलपानी , सल्यानकोट, र त्रिपुरेश्वर) लाई मिलाएर नयाँ संरचना अनुसार मिति २०७३ फाल्गुन २७ मा स्थापना भयो ।

*तालिका 1 गाउँपालिकाको वडा विभाजन र क्षेत्रफल*

| क्र.स. | समावेश साविक गाविस | साबिक वडा | नयाँ वडा | क्षेत्रफल (वर्ग किमि) |
|---|---|---|---|---|
| १ | सल्यानटार | १ - ५ | १ | १०.२८ |
| २ | सल्यानटार | ६ - ९ | २ | ७.७० |
| ३ | मुलपानी | १ - ९ | ३ | १९.२८ |
| ४ | सल्यानकोट | ५ - ९ | ४ | ११.१३ |
| ५ | सल्यानकोट | १ - ४ | ५ | ८.२६ |
| ६ | आगिन्चोक | ८ , ९ | | |
| ७ | आगिन्चोक | १ - ७ | ६ | १४.७३ |
| ८ | त्रिपुरेश्वर | १ - ९ | ७ | १२.९८ |
| | जम्जा | | | **८४.३६** |

*स्रोतः त्रिपुरासुन्दरी गाउँपालिका कार्यालयको वेबसाईट*

### २.१.३ भू-बनोट र प्राकृतिक स्रोतहरु

त्रिपुरासुन्दरी गा.पा.को धेरैजसो भाग तल्लो हिमाली क्षेत्रमा पर्छ जसलाई महाभारत श्रृंखला पनि भनिन्छ । यस क्षेत्रमा महाभारत श्रृंखलामा पाईने चुनढुंगा लगायत अन्य चट्टानहरु पाईन्छ । यस क्षेत्रमा विभिन्न नदीनाला, ताल, तलैयाहरु, वन जंगलहरु हुनुका साथै हिमाली क्षेत्रको मनोरम दृश्यावलोकन पनि गर्न सकिन्छ । यस गाउँपालिकामा जम्मा खेतीयोग्य जमिन ४४५७ हेक्टर २१३१ हेक्टर क्षेत्रफलमा बन रहेकोछ । यस गा.पा. मा अवस्थित अन्य केही प्रशिद्ध धार्मिक तथा ऐतिहासिक स्थलहरुमा त्रिपुरासुन्दरी माई रहेकोछ । यहाँ विभिन्न यसको उचित संरक्षण र सम्बर्धन गर्न सकेमा आन्तरिक तथा वाह्य पर्यटकीय केन्द्र बन्न सक्छ ।

### २.१.४ जनसङ्ख्या

जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार त्रिपुरासुन्दरी गाउँपालिकाको ५५९६ घरधुरीमा जम्मा जनसंख्या २११८८ रहेकोछ जस्मा १०१०५ पुरुष र ११०८३ महिला छन । भने जनगणना २०६८ का अनुसार गाउँपालिकाको कुल घरधुरी ५३५५ मा जम्मा जनसंख्या २२९६०० रहेको छ । जसमा पुरुषको संख्या १००५० महिलाको संख्या १२९१० रहेको छ ।

*तालिका 2 गाउँपालिकाको जनसंख्या विवरण*

| | जनसङ्ख्या | | | | |
|---|---|---|---|---|---|
| **वडा नं.** | **पुरुष** | **महिला** | **जम्मा** | **घरधुरी** | **क्षेत्रफल** |
| १ | २३७५ | २३२३ | ४६९८ | ९२५ | **१०** |
| २ | १९९१ | २१३१ | ४१२२ | ९०२ | **८** |
| ३ | १७७६ | १७९१ | ३५६७ | ६२७ | **१९** |
| ४ | १५१४ | १३४० | २८५४ | ७०४ | **११** |
| ५ | १३०१ | १२१० | २५११ | ६५५ | **८** |
| ६ | १७०३ | २०५५ | ३७५८ | ८७६ | **१५** |
| ७ | २२६० | २१६० | ४४२० | ८४० | **१३** |
| **जम्मा** | **१२९२०** | **१३०१०** | **२५९३०** | **५५२९** | **८४** |

स्रोतः गाउँपालिका प्रोफाईल २०७६

### २.१.५ भू-उपयोग

यस त्रिपुरासुन्दरी गाउँपालिकाको करिब ६० % कृषि क्षेत्र रहेको छ । त्यसैगरी यस गाउँपालिकाको कुल क्षेत्रफलको २५% प्रतिशत जमिन वन क्षेत्र रहेको छ भने खोलानालाले १.२३ % ओगटेको छ। यस त्रिपुरासुन्दरी गाउँपालिकाको भू-उपयोगको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका 3 त्रिपुरासुन्दरी गाउँपालिकाको भू-उपयोगको प्रकार*

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि मि) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ४८.५८ | ५८.२८ |
| २ | वन जङ्गल क्षेत्र | २१.३१ | २५.२६ |
| १३ | बस्ती क्षेत्र | ५.०१ | ५.९४ |
| ४ | झाडी क्षेत्र | १०.०८ | ११.९५ |
| ५ | बाझो क्षेत्र | ०.१३ | ०.१६ |
| ६ | बालुवा क्षेत्र | २.२२ | २.६३ |
| ७ | खोला नाला क्षेत्र | १.०४ | १.२३ |
| **जम्मा** | | **८४.३६** | **१००** |

स्रोत: गाउँपालिका प्रोफाईल २०७६

### २.१.६ आर्थिक अवस्था

यस गाउँपालिकाका वासिन्दाहरु विशेष गरि कृषि पेशामा निर्भर रहेका छन् भने केहि मात्रामा सरकारी सेवा, व्यपार व्यवसाय, वैदेशिक रोजगार ,सिकर्मी तथा डकर्मीमा निर्भर छन् । त्रिपुरासुन्दरी गाउँपालिकामा आर्थिक सर्वेक्षण २०१८ अनुसार करिब ४० % मानिस कृषि तथा

पशुपालन पेशामा संल्ग्गन रहेको पाईन्छ । यस गाउँपालिकामा उद्योग तथा व्यापार व्यवसाय ३% मानिस संल्ग्गन छन । जाला मजदुरी गरेर जिबिकोपार्जन गर्ने मानिस करिब ३% रहेको पाईन्छ। यस गा प मा नोकरी / जागिर गर्ने मानिस करिब ७% रहेकोछ ।

**२.२ मानव संसाधनको अवस्था**

नवगठित गाउँपालिकाको पहिलो निर्वाचन २०७४ मा सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन हुँदै आईरहेको छ । अब चाडै नयाँ जनप्रतिनिधिहरू आउनेछन। यस गाउँपालिकामा रहेका ७ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा २५ जना गाउँसभा सदस्यहरु रहेका छन् । त्यसैगरी कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक स्तरका कर्मचारी कार्यरत छन् । यस गाउँपालिकामा प्रमुख प्रशासकिय अधिकृत १, बिभिन्न शाखाको अधिकृतहरु गरी हाल ४० जना कर्मचारीहरु कार्यरत छन् । कर्मचारीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका 4 गाउँपालिकाका कर्मचारीहरुको विवरण*

| क्र. सं. | पद | संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ |
| २ | लेखा अधिकृत | १ |
| ३ | अधिकृत | २ |
| | इन्जिनियर | १ |
| ४ | सूचना अधिकारी एबं सुचना प्रविधि अधिकृत | १ |
| ५ | ना सु (प्रशासन) | १ |
| ६ | लेखापाल | १ |
| ७ | आ ले प | १ |
| ८ | सव इन्जिनियर | २ |
| ९ | कम्प्युटर अपरेटर | १ |
| १० | खा. पा. स. टे. | १ |
| ११ | कानुनि सहजकर्ता | १ |
| १२ | एम. आई. एस. अपरेटर | १ |
| १३ | सामाजिक परिचालक | २ |
| १४ | सहायक कम्प्युटर अपरेटर | १ |
| १५ | फिल्ड सहायक | २ |
| १६ | कार्यालय सहयोगी | ५ |
| १७ | स्वास्थ्य संयोजक | १ |

| | | |
|---|---|---|
| १८ | प्राबिधिक सहायक | ३ |
| १९ | पशु विकास अधिकृत | १ |
| २० | कृषि शाखा अधिकृत | १ |
| २१ | वाड सचिब | ७ |
| २२ | सहायक महिला विकास निरीक्षक | १ |
| २३ | ना.सु | १ |
| **२४** | **जम्मा** | **४०** |

स्रोत: गाउँपालिका प्रोफाईल २०७६

**२.२ भौतिक सम्पत्तिको अवस्था**

गाउँपालिकामा अचल सम्पत्तिका रुपमा भवन, जमिन, कार, मोटर साईकल र मेशिनहरु रहेका छन् । गाउँपालिकाको ४ वटा आफ्नै भवन तथा सबै वाडको कार्यलय पनि आफ्नै भवन छन । ठाउँमा करिब ८ रोपनी रहेको छ । त्यस्तै १ गाडि, १८ वटा मोटरसाईकल रहेको छ । गाउँपालिका कार्यालयमा टेलिफोन तथा ईमेल ईन्टरनेटको सुविधा रहेको छ भने सबै वडा कार्यालयमा यी सुविधाहरु उपलब्ध भैसकेको छ । अति आवश्यक फर्निचर तथा औजार उपकरणहरु (कम्प्युटर, प्रिन्टर) भने उपलब्ध रहेको छ । राजस्व सङ्कलनको लागि कम्प्युटर विलिङ शुरु गरिएको छ । यस गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका जग्गा तथा भवनहरुको अभिलेख नियमित अद्यावधिक गर्न जरुरी देखिन्छ । यसरी गाउँपालिकाले आफ्नो स्वामित्व तथा हकभोगमा रहेका सम्पत्तिको उपयोग गरी नियमित आयआर्जन गर्नका लागि आवश्यक लगानी तथा निर्णय गर्न आवश्यक देखिन्छ ।

# परिच्छेद ३. स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गाउँपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र गाउँपालिकाको राजस्व सङ्कलन अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ । यस परिच्छेदमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको संविधान २०७२ अनुसार स्थानीय तहलाई प्राप्त राजश्वसम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानूनी व्यवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकार तर्फको राजश्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगतरुपमा विश्लेषण गरिएको छ ।

### ३.१ गाउँपालिकाको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानूनी व्यवस्था

नेपालको संविधान २०७२ ले गाउँपालिका लगायतका स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ । संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई प्राप्त राजश्व अधिकारकाक्षेत्रहरु यसप्रकार छन् ।

*तालिका 5 स्थानीय सरकार संचालन ऐन, कानुन अनुसारको राजश्व अधिकार*

| राजश्वका शीर्षक | कानूनी प्रावधान |
|---|---|
| कर | • एकिकृत सम्पत्ति कर वा घर जग्गा कर<br>• भूमि कर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र<br>• घर जग्गा बहाल कर<br>• ब्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा<br>• सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)<br>• जडिबुटी, कवाडी र जीवजन्तु कर ःः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत |
| शुल्क | • बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत<br>• पार्किङ्ग  शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । |
| सेवा शुल्क | • आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा ब्यवसायमा<br>• आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामाः |

| | |
|---|---|
| | • खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि<br>• अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क<br>• सिफारिस सम्बन्धी कुनै सेवा शुल्क |
| दस्तुर | • दर्ता, अनुमति तथा नवीकरण दस्तुरः<br>➢ एफ.एम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग<br>➢ ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन र उपयोग<br>• नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)<br>• पंजिकरण ब्यवस्थापन दस्तुर<br>• वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत<br>• जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर |
| वस्तु तथा सेवा विक्री | • ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर |
| सामुदायिक वनबाट आय प्राप्त गर्ने | • वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने (केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६।०६।०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा भएको व्यवस्था अनुसार) |
| संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने | • प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>• खनिज पदार्थको उत्खनन रोयल्टी<br>• सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी<br>• पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी<br>• प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>• खनिज पदार्थको उत्खनन रोयल्टी<br>• सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी |

| | |
|---|---|
| | • पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी<br>• खानेपानी महसुल<br>• स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क<br>• स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार ब्यवस्थापन<br>• जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति<br>• स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण<br>• इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण<br>• स्थानीय तहका पत्रपत्रिकाको दर्ता |
| स्थानीय तहमा संकलन भई बाँडफाँड हुने | • बिज्ञापन करः स्थानीय तहले दर निर्धारण र संकलन गर्ने<br>• मनोरञ्जन करः स्थानीय तहले संकलन गर्ने (दर र संकलन विधि प्रदेशले निर्धारण गर्ने)<br>• घर जग्गा रजिष्ट्रेशन शुल्कः स्थानीय तहले संकलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने )<br>• उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र संकलन स्थानीय तहले गर्ने<br>• ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गर्ने । |
| प्रदेश तहबाट संकलन भई वाँडफाँड हुने | • सवारी साधन (माथि उल्लेखित बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>• पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>• पवर्तारोहण, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले गरे बमोजिम हुने |

*स्रोत: नेपालको संविधान, २०७२*

### ३.२ गाउँपालिकाको आय परिचालनको अवस्था

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकालाई प्राप्त राजश्व अधिकारका शीर्षकहरूको परिचालन कसरी भैरहेको छ भन्ने जान्नु उपयुक्त हुन्छ । गाउँपालिकाले उपरोक्त राजश्व शीर्षकहरू मध्ये हाल असुली गरिरहेको, संकलनकालागि आवश्यक

नीतिगत निर्णय मात्र गरेको र सम्भावना भएका त्यस्ता क्षेत्रहरुको यथार्थ अवस्थाको बारेमा सम्बन्धित शाखागत छलफलबाट प्राप्त गाउँपालिकाको आय परिचालनको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

*तालिका 6 आन्तरिक आय परिचालनको वर्तमान अवस्था*

| क्र.स. | आयका शिर्षकहरु | संभावना | दर | संकलन |
|---|---|---|---|---|
| **क** | **करतर्फ** | | | |
| १ | सम्पति कर | √ | √ | √ |
| २ | भूमिकर (मालपोत) | √ | √ | √ |
| ३ | घरजग्गा वहाल कर | √ | √ | √ |
| ४ | व्यवसाय कर | √ | √ | √ |
| ५ | जडिबुटी, कवाडी र जीवजन्तु कर | √ | √ | - |
| ६ | विज्ञापन कर | √ | √ | - |
| ७ | मनोरन्जन कर | √ | √ | - |
| ८ | सवारी कर (पटके कर) | √ | √ | - |
| **ख** | **गैरकर्तफ** | | | |
| १ | वहाल विटौरी शुल्ल | √ | √ | - |
| २ | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | √ | √ | - |
| ३ | पर्यटन शुल्क | √ | √ | - |
| ४ | अन्य विक्रीबाट प्राप्त रकम रकम (राजपत्र, पुस्तक, नक्शा आदि) | √ | √ | - |
| ५ | सरकारी सम्पतिको विक्रीबाट प्राप्त आय | √ | √ | - |
| ६ | अन्य सेवा शुल्क तथा विक्री (पार्क, वनभोज स्थल, भू-टावर) | √ | √ | - |
| ७ | ढुंगा गिट्टी वालुवा दहत्तर बहत्तर शुल्क | √ | √ | - |
| ८ | न्यायिक दस्तुर (न्यायिक समितिको समेत) | √ | √ | - |
| ९ | अन्य प्रशासनिक शुल्क (बोलपत्र फाराम विक्री समेत) | √ | √ | - |
| १० | पार्किङ शुल्क | √ | √ | - |
| ११ | सिफारिस दस्तुर | √ | √ | √ |
| १२ | व्यक्तिगत घटना दर्ता विलम्व दस्तुर | √ | √ | - |
| १३ | नाता प्रमाणि दस्तुर | √ | √ | √ |
| १४ | सेवा शुल्क दस्तुर | √ | √ | √ |
| १५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | √ | √ | - |
| १६ | अन्य राजश्व (माथिका अन्य शिर्षकमा नपरेका) | √ | √ | - |

| क्र.स. | आयका शिर्षकहरु | संभावना | दर | संकलन |
|---|---|---|---|---|
| १७ | ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ, बञ्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्का | √ | √ | - |
| १८ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, आदि) | √ | - | - |

*स्रोत: त्रिपुरासुन्दरी गाउपालिका शाखागत छलफल तथा आर्थिक ऐन, २०७८/७९*

### ३.३ गाउँपालिकाको आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र संभावना विश्लेषण अवस्था

#### ३.३.१ स्थानीय कर राजश्व

**क) सम्पति कर**

**हालको अवस्थाः** विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लिने व्यवस्था गरेको छ । यस गा पा मा २०७५/७६ बाट सम्पति कर संकलन गरिएको थियो। हाल १४ जना करदाता रहेको छन। जसबाट गत आ.व. २०७७/७८ सम्पत्ति करबाट रु. १,००,००० आय भएको देखिन्छ ।

**संभाव्यताः** जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यस पालिकाको ५५९६ घरधुरी रहेका छन् । आर्थिक ऐनमा घरको प्रकार अनुसार फरक दर निर्धारण भएको छ। सम्पुर्ण घरबाट कर असुली गर्दा ६,८०,६०० संकलन हुन सक्नेछ।

*तालिका 7 संभाव्य सम्पति करदाता तथा सम्पति कर*

| क्र.सं. | घरको प्रकार | अनुमानीत करदाता संख्या | औसत करको दर | सम्भाव्य आम्दानी |
|---|---|---|---|---|
| १ | पक्की १ तल्ला घर | २५० | ३०० | ७५००० |
| २ | पक्की २ तल्ला घर | १०० | ५०० | ५०००० |
| ३ | पक्की ३ तल्ला घर | २५ | ९०० | २२५०० |
| ४ | पक्की ३ तल्ला भन्दा माथि | १० | १२०० | १२००० |
| ५ | कच्ची घर | ५२११ | १०० | ५२११०० |
| | **जम्मा** | ५५९६ | | ६८०६०० |

**सुधारका पक्षहरूः** सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा पालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छः

- पालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने
- गाउँपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने

- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत्करको दायरामा ल्याउने
- सम्बन्धित करदाताको सम्पति मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने

सम्पत्ति करको विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

**ख) मालपोत वा भूमि कर**

**हालको अवस्थाः** गाउँपालिकाको आ. व. २०७७/७८ को आर्थिक ऐनको अनुसूची २ मा दिए वमोजिम मालपोत वा भूमिकरको दर निर्धारण गरिएको छ । यसमा जग्गाको स्वामित्व र प्रकारको आधारमा ४ वटामा वर्गिकरण गरी सोही वमोजिम भूमि करको दर तोकिएको छ । परम्परागत विधि अनुसार खेत र पाखोलाई अब्बल, दोयम, सीम र चाहार मा बर्गिकरण गरेता पनि खेतको सीम र चाहार तथा पाखोबारीको करको दर एकै निर्धरण गरिएको छ । उत्पादनको हिसाबले खेत र पाखो भनि दुई आधारमा छुट्याइएको छ तर सडकको पहुँचको हिसाबले बर्गिकरण भने गरिएको छैन । । आ.व. २०७७/७८ मालपोत वा भूमि कर बाट रु. २४,७३,२४८ आय भएको देखिन्छ ।

*तालिका 8 मालपोतको दर*

| **बिबरण** | अब्बल | दोयम | सिम | चाहर |
|---|---|---|---|---|
| खेत प्रति रोपनी | २० | १५ | १० | १० |
| बारी प्रति रोपनी | १० | १० | १० | १० |

**संभाव्यताः** गाउँपालिको भूउपयोगको तथ्याकंलाई हेर्दा जम्मा खेतियोग्य जमिन ४४५७ हेक्टर बर्ग कि. मी. (८७६०९.११ रोपनी) छ । गाँउपालिकाले तोकेको मालपोत दर अनुसार कृषि भूमिको विभाजन तालिका ८ बमोजिमको रकम असुल हुनसक्ने देखिन्छ । यसरी गाँउपालिकाले भूमिकर बाट करिब ४०,००,००० रकम संकलन गर्नसक्ने संभावना रहेको छ । उल्लेखित रकम घर र घरले चर्चेको जग्गामा लाग्ने सम्पत्ति कर बाहेक नै प्राप्त हुनेगरी हिसाव गरिएको छ ।

**सुधारका पक्षहरूः** गाउँपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधीकरणको व्यवस्था गर्नु भूमिकर सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन् ।

- खेतियोग्य जमीनको बर्गिकरण सहितको यकिन तथ्याङ्क संकलन गर्ने ।
- सडकहरुले छोएको जग्गाको छुट्टै दर कायम गर्ने ।

- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

**ग) वहाल कर (घरजग्गा वहाल कर)**

**हालको अवस्थाः** गाउँपालिकाको आर्थिक ऐनले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा घर जग्गा वहाल कर लगाईने र असूल गरिने उल्लेख गरेको छ । व्यवसयिक प्रयोजनमा बहाल कर (भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा) बहाल रकमको १० प्रतिशत तोकेको छ । । यसबाट आ.व. २०७७/७८ मा रु ८०,००० असुल भएको देखिन्छ ।

**सम्भाब्यताः** यस गाउँपालिकाको मुख्य बजार क्षेत्रमा केही घर तथा जग्गाहरु बहालमा गएको देखिन्छ तर गाँउपालिका भित्र व्यवसायिक प्रयोजनको लागि ठूला भवनहरु भने छैनन । आवसीय प्रयोजनको लागि बनेका घरहरुमा नै व्यापारिक गतिविधिहरु भएको देखिन्छ । गाउँपालिकाले घरजग्गा बहाल करको हकमा १० प्रतिशत कायम गरेको छ । जसबाट त्रिपुरासुन्दरी गाउँपालिकाले करिब ३,७२,००० कर असुल गर्न सक्ने देखिन।छ ।

*तालिका 9 घर बहाल करको सम्भावनाको गणना*

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा वस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | बहाल कर % | घर बहाल कर |
|---|---|---|---|---|---|---|---|
| १ | आवसीय | १० | १००० | १२००० | १२०००० | १० | १२००० |
| २ | व्यवसायिक | १०० | ३००० | ३६००० | ३६००००० | १० | ३६०००० |
| ५ | जम्मा | ११० | | | ८७६०००००० | | ३,७२,००० |

**सुधारका पक्षहरूः** गाउँपालिकाले पदाधिकारी, कर्मचारी तथा सरोकारवालासँगको छलफल तथा स्थानीय स्तरको अध्ययन भ्रमणका आधारमा घरबहाल करमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छः

- घरबहालमा दिनेहरुको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने
- घरबहाल कर संकलन गर्दा गाउँपालिकाले निर्धारण गरेको दरमा आधारित भई कर असुली गर्ने ।
- घर तथा जग्गा धनि र वहालवालाहरू बिचको वहाल सम्झौता अनिवार्य गर्ने ।
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने
- बहालकर उठाउन सचेतना कार्यक्रम गर्ने र कडाइका साथ उठाउन सुरु गर्नुपर्ने देखिन्छ

**घ) व्यवसाय कर**

**हालको अवस्थाः** गाउँपालिकाले आर्थिक ऐन २०७८ मार्फत् गाँउपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूंजिगत लगानी र आर्थिक कारोवारका आधारमा आर्थिक ऐनको अनुसूचि (४) वमोजिम

कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा ११ वटा बिभिन्न शिर्षक बनाई विभिन्न १३५ प्रकारका उद्योगहरुमा व्यवसाय करको दर निर्धारण गरेको छ । सबैभन्दा बढी नेपाल सरकारको पूर्ण स्वामित्तमा रहेको बाहेक आर्थिक कारोवार गर्ने बालुवा ढुंगा खानी तथा पेट्रोल पम्पको अनुमाति लिन ५०००० देखि माछा मासु पसलहरुलाई रु. ५०० सम्म व्यवसाय कर तोकिएको छ । गाँउपालिकाले आर्थिक बर्ष २०७६/७७ मा व्यवसाय कर वापत रु २,७१,००० असुल गरेको देखिन्छ ।

**संभावना**ः गाउँपालिका हालसम्मको तथ्यांक अनुसार सबै वडाहरुमा विभिन्न प्रकारका साना ठुला गरी २७१ वटा व्यावसायहरु दर्ता भएका छन् । अन्य करिब ५०० वटा व्यवसाय गाउँपालिकामा दर्ता नभई संचालन भएको छन यी व्यवसाय करको दायरमा आएका छैनन् । ती व्यवसायहरुलाई करको दायरामा समावेस गर्न सके आगामी आ.व.करको दायरामा आउने साना ठुला व्यावसायको पूँजी हेरी करिब रु. ५०००००० सम्म व्यवसाय कर संकलन हुन सक्ने सम्भावना देखिएको छ । तर आगामी आ.व.मा नै सबै व्यवसायलाई करको दायरमा ल्याउन नसकिने कुरा लाई मध्यनजर गर्दै ६५ प्रतिशत व्यवसायबाट व्यावसाय कर प्राप्त हुने अनुमान गरिएको छ भने त्यस पछिका वर्षहरुमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुँदै जानेछ ।

*तालिका 10 व्यावसाय कर संभावनाको गणना*

| क्र.सं. | व्यापार व्यवसायको विवरण | अनुमानित संख्या | करको दर | नविकरण दस्तुर | संभावित आय |
|---|---|---|---|---|---|
| १ | रु १ देखि रु 1० लाखसम्म पूँजी भएको व्यवसाय | २७७ | १००० | उद्योग व्यवसायको वार्षिक नवीकरण गर्दा पुँजीमा लाग्ने व्यवसाय करको ५० प्रतिशत | २७७००० |
| २ | 1० लाख देखि 2० लाख सम्म पूँजी भएको व्यवसाय | १५ | १०००० | | १५०००० |
| ३ | 2० लाख देखि 3० लाख सम्म पूँजी भएको व्यवसाय | ६ | १५००० | | ९०००० |
| | 3० लाख माथि पूँजी भएको व्यवसाय | २ | २०००० | | ४०००० |
| जम्मा | | ३०० | | | ५५७००० |

**सुधारका पक्षहरूः** गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिकामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण लगत तयार गर्ने
- घुम्ती टोली खटाई स्थलगत रुपमै व्यवसाय दर्ता गरी प्रमाणपत्र दिने र कर संकलन गर्ने व्यवस्था गर्ने
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवबसाय दर्ता, नवीकरण र खारेजीसम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने

- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यससम्बन्धमा गाउँपालिका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने
- अधिकतम कर तिर्ने करदातालाई पुरस्कृत गर्ने र करको दायरामा नआउनेलाई उच्च दरमा जरिवानाको व्यवस्था गर्ने ।

**ङ) जडिबुटी, कवाडी र जीवजन्तु कर**

**हालको अवस्थाः** यस शीर्षकमा गाउँपालिकाले हालसम्म कुनै कर संकलन गरेको छैन । गाउँपालिकाको आर्थिक ऐनमा गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले जडीबुटी, कवाडी र जिवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत कर लगाइने र असुलउपर गरिने उल्लेख गरेको छ । गाउँपालिका आर्थिक ऐनको दफा ५ मा ऊन, खोटो, बनकस लगायतका जडीबुटी तथा अन्य वन पैदावरको व्यवसायिक कारोबार गरे बापत कर निर्धारण गरिएको छ । त्यसैगरी जीवजन्तु कर (प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला, वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग कर) व्यवस्था गरिएको छ ।

**सम्भावनाः** यस गाउँपालिकाको बन क्षेत्रबाट बिभिन्न प्रकारको जडिबुटीको संकलन तथा बिक्रीसम्बन्धमा कुनै तथ्यांक नभए पनि आसपासको ग्रामीण क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाब्यता देखिन्छ । यस गाउँपालिकामा उल्लेखित शीर्षक अन्तर्गत कवाडी तर्फ १ लाखसम्म र जडिबुटी र जिवजन्तु तर्फ २ लाख तथा बनपैदावार २ लाख गरी करिब ५ लाख हाराहारीमा आम्दानी हुनसक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- यससँग सम्वन्धित व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने
- कवाडी वस्तुको व्यवसायिक कारोवारलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का लगाई कर संकलन गर्ने
- जडिबुटी, कवाडी तथा जीवजन्तुको व्यावसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।
- बनपैदावर तथा अन्य बस्तुको लागत तयार  गरि छुट्टै दर निर्धारण गर्ने ।

**३.३.२ गैर कर राजश्व**

गाउँपालिकाले गाउँवासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्ने सक्ने प्रावधान अनुरुप गाउँ सभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरू संकलन गरिरहेको छ । यसै सन्दर्भमा अगामी आ.व.हरुमा गाउँपालिकालाई प्राप्त हुने राजस्व अनुमान गरिएको  छ ।

**क) व्यवसाय रजिष्ट्रेश दस्तुर (दर्ता तथा अनुमति दस्तुर)**

**हालको अवस्थाः** हालको कानूनी व्यवस्था अनुसार गाउँपालिकाले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग जस्ता व्यवसायिक संघ संस्थाहरूको दर्ता, नवीकरण गरि सो को दस्तुर संकलन गर्नसक्ने छ । स्थानीय तहहरूको गठन संगै गाउँपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघसंस्थाहरू एकपटक गाउँपालिकामा दर्ता भईसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन । व्यवसाय तथा संघसंस्थाहरू दर्ता भई सकेपछि वार्षिक रुपमा नवीकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ । गाउँपालिकाले आर्थिक ऐन अनुसूची ४ मा निर्धारण गरेको बमोजिम व्यवसायी दर्ता शुल्क र नवीकरण शुल्क निर्धारण गरिएको छ । आ व आ.व. २०७७/७८ मा १८६ व्यवसाय दर्ता गरिएको छ । जसबाट करिब रु ५००० संकलन भएको अनुमान गरेकोछ किनकी यस गा पा मा व्यवसाय रजिष्ट्रेश दस्तुर (दर्ता तथा अनुमति दस्तुर) एक मुष्ठ रुपमा आन्तरिक आयमा राखिने गारेको पाईएको छ ।

**सम्भावनाः** आ व २०७८/७९ मा करिब २०० वटा संघसंस्थाहरू दर्ता/नवीकरण हुने र सो बापत गाउँपालिकालाई करिब १,००,००० हाराहारीमा राजस्व प्राप्त हुने अनुमान गरिएको छ भने त्यसपछिका आ.व.हरूमा न्यून संख्यामा संघसंस्थाहरू दर्ता हुदै जाने तथा अघिल्ला आ.व.हरूमा दर्ता भएकाहरू नवीकरण हुदै जानेछन् । उल्लेखित सम्भावित रजिष्ट्रेशन दस्तुर बापतको आय सम्बन्धित व्यवसायिक संघ संस्था दर्ता गर्दाको आर्थिक वर्षमा दर्ता दस्तुर रकम मात्र संकलन हुने र त्यसपछिका आ.व.मा नवीकरण गर्दा नवीकरण दस्तुर प्राप्त हुने गर्दछ ।

**सुधारका पक्षहरूः**

- आर्थिक ऐनमा दर्ता, अनुमति र नवीकरण दस्तुरको दर निर्धारण गर्ने
- नयाँ संस्था, फर्म वा उद्योग स्थापना गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका संस्था, फर्म वा उद्योगलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।
- ऐनमा उल्लेख भए बमोजिम अनुसार राजस्व संकलन गर्ने ।

**ख) बहाल विटौरी शुल्क**

**हालको अवस्थाः** गाउँपालिका आर्थिक ऐनको अनुसूची ९ मा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत गाउँ कार्यपालिकाले तोके बमोजिम बहाल विटौरी शुल्क संकलन गर्न सक्नेछ । तर हालसम्म गाउँपालिकाले यस शिर्षकबाट कुनै रकम असुल गरेको देखिदैन। सार्वजनिक जग्गा, बाटोको छेउछाउका सार्वजनिक स्थलमा रहेका टहरा, पसलहरु बाट प्रभावकारी रुपमा बिटौरी कर संकलन

गर्न सकेको खण्डमा राजस्व असुलीको संभावना देखिन्छ । प्रयाप्त क्षेत्रगत तथ्यांकको अभावले गर्दा प्रस्तुत अध्ययनमा गाउँपालिकाका लागि आगामी आ.व. २०७८/८९ मा संकलन हुन सक्ने बिटौरी करको रकम मात्र अनुमान गरिएको छ ।

**संभावनाः** बहाल बिटौरी शुल्कका लागि यस गाउँपालिकाको सहायक राजमार्ग आसपास रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका होटेल, रेष्टुरेन्टहरुसँग वहाल विटौरी असुल गर्न सकिन्छ । प्रभावकारी रुपमा नीतिगत व्यवस्थाका साथ यो कर लागु गर्न सकेमा गाउँपालिकालाई त्यस किसिमका जग्गा, संरचनाबाट करिब १,२०,००० सम्म वार्षिक आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचनासम्बन्धी विस्तृत तथ्यांक संकलनलाई अन्तिम रुप दिई बहाल विटौरी शुल्कको दायरामा ल्याउने
- हाट बजारमा हुने पसल तथा व्यापारसम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का कायम गर्ने ।
- आर्थिक ऐन अनुसार शुल्क उठाउने ।

**ग) घर नक्शा पास दस्तुर**

**हालको अवस्थाः** गाउँपालिकाको आर्थिक ऐनको अनुसूची ११मा नक्सापास दस्तुरको दर तोकिएको छ तर नक्सापासको प्रचलन गाउँपालिकामा व्यापक रुपले अघि वढेको देखिँदैन । छलफलको क्रममा नक्सापास प्रक्रिया शुरु गरिएको र निर्माण भइसकेका घरहरुको समेत नियमन गर्ने तयारी भएको उल्लेख गरिएको छ ।  नक्सा पास दस्तुर रु १ प्रति वर्गफिट तोकिएकोछ । गाउँपालिकाले गत आ ब २०७७/७८ मा नक्सा पास बाट शुल्क तथा दस्तुरबाट रु १८००० रकम संकलन भएको देखिन्छ ।

**सम्भावनाः** नक्सापास अनुमति नलिइकन बनेका घरहरुको रहेका छ तर कडाइका साथ अभिलेखीकरण दस्तुर संकलन हुन नसकेको देखिन्छ । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (अभिलेखिकरण) को अनुमानित संख्या र प्राप्त तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास गर्न प्रति बर्ष ५० आउन सक्ने अनुमान गर्दा प्रति घर  १००० वर्ग फित हुदा दस्तुर बापत प्राप्त हुने आय कुल रु. ५०,००० सम्म संकलन गर्न सकिने आँकलन गरिएको छ ।

**सुधारका पक्षहरुः**

- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने

- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सिमान्त करदातालाई सहुलियत प्रदान गर्ने
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने ।

**घ) सिफारिश तथा प्रमाणित दस्तुर**

**हालको अवस्थाः** गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गर्दैआएको छ । गत आ ब २०७७/७८ १०६९० सिफारिस बाट १०,६९,०३८ रकम संकलन भएको देखिन्छ । आर्थिक ऐनको अनुसूची १२ मा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरेको छ । सिफारिश तथा प्रमाणित दस्तुर न्युनतम १०० देखि अधिकतम ५०० सम्म निर्धारण गरिएको छ।

**सम्भावनाः** यस अन्तर्गत गाउँपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेवापत लिईने दस्तुर पर्दछ, जुन गाउँपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । गाउँपालिकाले सिफारिश दस्तुरको दररेट नगर सभाबाट निर्धारण गर्नुका साथै विभिन्न शीर्षकहरूमा रकम समेत संकलन गरिरहेको छ । जस बापत गा.पा.लाई करिब १८,००,००० को हाराहारीमा राजस्व संकलन हुने अनुमान गरिएको छ ।

*तालिका 11 सिफारिस दस्तुर सम्भावना*

| दस्तुर | औसत दैनिक | औसत बार्षिक निवेदन (बार्षिक २४० दिन) | औसत दर | सम्भाव्य राजस्व |
|---|---|---|---|---|
| बिभिन्न सिफारिस दस्तुर | ७५ | १८००० | १०० | १८००००० |
| जम्मा | ५० | १८००० | १०० | १८००००० |

सुधारका पक्षहरूः

- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने
- सिफारिश तथा दस्तुर बाट संकलन भएको रकम सोहि शिर्षकमा उल्लेख गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने
- वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने
- सबै वडा कार्यालयहरुमा कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ प्रणालीलाई अनिवार्य बनाउने ।

**घ) सरकारी सम्पत्तिको बहाल र विक्रीबाट प्राप्त आय**

**हालको अवस्थाः** यस शीर्षकमा गाउँपालिकाले आम्दानी गरेको देखिदैन । यस गाउँपालिकाको स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरु सभा हल, प्रोजेक्टर जस्ता सम्पत्ति आदि भाडामा दिएर गाउँपालिकाले आय प्राप्त गर्न सक्ने तर नगरिरहेको अवस्था छ ।

**सम्भावनाः** गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालनसम्बन्धमा प्रायाप्त तथ्यांकहरू नभएता पनि आगामी आ.व.मा देहाय अनुसार आय प्राप्त हुने अनुमान गरिएको छ ।

*तालिका 12 सम्पत्तिहरूको बहालबाट प्राप्त आय*

| क्रं. सं. | स्वामित्वमा रहेको सम्पत्ति | अनुमानित संभाव्य आय |
|---|---|---|
| १ | वैठक हल भाडा | १०००० |
| २ | प्रोजेक्टर भाडा | १०००० |
| ३ | अन्य | ५००० |
| ४ | जम्मा | २५००० |

**सुधारका पक्षहरूः**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण एकीन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउनेसम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

**छ) पर्यटन शुल्क**

**हालको अवस्थाः** आर्थिक ऐन २०७८ को अनुसूची १३ आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्टयकहरुका लागी शुल्क लिने व्यवस्था गरेको छ । अनुसूचीमा मठ मन्दिर मस्जिद गुम्बा विहार चर्चको दर्ता तथा नदीमा जलविहार अनुमति लिन शुल्क निर्धारण गरि\को छ । तर गाउँपालिकाले हालसम्म छुट्टै पर्यटनबाट आय आर्जन गर्न सकेको छैन ।

**संभावनाः** यस गाउँपालिका भएर बग्ने बुढी गण्डकी मा ऱ्याफ्टीङको ब्यवस्था गराउन सकेमा पर्यटन शुल्क असुल हुने संभावना रहेको छ । त्यसैले आगामी बर्षहरुमा गाउँपालिकाले आउने आन्तरिक र विदेशी पर्यटकहरुबाट रु. १,००,००० आम्दानी हुनसक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- पर्यटकिय स्थल र गतिविधिहरु अनुसार आर्थिक ऐनमा पर्यटकिय शुल्क तोक्ने
- स्थानीय पर्टयकिय क्षेत्रहरुको प्रचार प्रसार गर्ने
- नयँ पर्टयकिय क्षेत्रहरुको पहिचान गर्ने
- पर्यटन शुल्कको निर्धारन गर्ने

**ज) पार्किङ शुल्क**

**हालको अवस्थाः** आर्थिक ऐन २०७८ को अनुसूची १० मा आफ्नो क्षेत्रभित्र पार्किङ शुल्क लिन सक्ने व्यवस्था गरेको छ। गाउँपालिकाले तोकेको स्थानमा पार्किङ गर्न सक्नेछ। गाउँपालिकाले

प्रति दिनको शुल्क निर्धारण गरेको छ । जसबाट गाउँपालिकाले आय गर्न सक्नेछ । तर गाउँपालिकाले हालसम्म आय आर्जन गर्न सकेको छैन ।

**संभावनाः** यस शिर्षक बाट गाउँपालिकाले हाल सम्म आम्दानी नगरे पनि आगामि दिनमा आम्दानी हुने देखिन्छ । जस अनुसार प्रति दिनको दर निर्धारण गरिएको छ। जस अनुसार चार पांग्रे साधनले प्रतिदिन रु २० तथा दुई पांग्रेले १५ पटके साधनले १० तथा ट्रक, बस, लहरी, मिनी ट्रक, मिनी बस, ट्र्याक्टर, क्रेन, डोजर, पावर टिलर, अन्यको दिनको ३० तोकिएको जसबाट गाउँपालिकाले बार्षिक रु १२५००० सम्म आम्दानी गर्न सक्नेछ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाको क्षेत्र भित्र भएका पार्किङ स्थलको विवरण एकीन गर्ने
- पार्किङ स्थललाई ठेक्का प्रणालीबाट ठेक्का दिने व्यवस्था गर्ने
- गाउँपालिकाको पार्किङ कर लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

# परिच्छेद - चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदका उपखण्डहरुमा त्रिपुरासुन्दरी  गाँउपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाँउपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

### ४.१ राजश्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजश्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजश्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजश्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस गाउँपालिकामा स्थानीय राजश्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

*तालिका 13 राजश्व परामर्श समिति विवरण*

| क्र.सं. | पद | समितिको जिम्मेवारी |
|---|---|---|
| १ | गाँउपालिका उपाध्यक्ष | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | पदेन सदस्य |
| ३ | कार्यपालिका सदस्य | सदस्य |
| ४ | कार्यपालिका सदस्य | सदस्य |
| ५ | उद्योग वाणिज्य संघ प्रतिनिधी | सदस्य |
| ६ | घरेलु तथा साना उद्योग प्रतिनिधी | सदस्य |
| ७ | राजश्व शाखा प्रतिनिधी | सदस्य सचिव |

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सकिने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनाको लागि त्रिपुरासुन्दरी कार्यपालिकामा उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यि राजश्व परामर्श समित गठन गरिएको छ  । समितिको आवयकता अनुसार बैठकहरु समय समयमा बसी निर्णय गर्ने गरिएको छ ।

यस गाउँपालिकाले राजश्व परिचालन तथा ब्यवस्थापनका लागि छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजश्व परिचालनका लागि यस गाउँपालिकाले निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको देखिन्छः

- गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनकालागि एकीकृत सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिनेछ ।

- तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजानिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइनेछ ।
- गाउँपालिकाको आर्थिक क्षमता बढाउनका लागि नगर क्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति अवलम्बन गरिनेछ ।
- नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई गाउँपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार र क्षमता विकासमा लगानी गरिनेछ ।
- गाउँपालिका र मातहतका कार्यालयबाट हुने चालू खर्चमा एकरुपता ल्याउन र खर्च गर्ने शैलीलाई व्यवस्थित एवं पूर्वानुमानयोग्य तुल्याउन गाउँपालिकाको कार्यसंचालन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**४.२ आय संकलनको संस्थागत क्षमता**

गाउँपालिकाको संगठन स्वरुप हेर्दा राजस्व असुलीका लागि छुट्टै राजस्व शाखा भएपनि राजस्वको कर्मचारी नहुदा अन्य कर्मचारीले राजस्वको जिम्मा दिईएको छ । गाउँपालिकाले न्यायिक सहजकर्ता पाँचौं लाई राजस्वको जिम्मेवारी दिईएको छ । गाउँपालिकाले राजश्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितका) को प्रयोग गरेको देखिन्छ । निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमिकर लगायतका शीर्षकमा असुल हुने राजश्व वडा कार्यालयबाटै संकलन गर्ने ब्यवस्था रहेको छ । दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास लगायतका सेवा भने गाउँ कार्यपालिका कार्यालयबाटै हुने गरेको छ । गाउँपालिकाको स्थलगत सर्वेक्षण, टेलिफोन अन्तरवार्ता तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व संकलनको अवस्थामा गाउँपालिकाले राजश्व प्रशासनसंग सम्बन्धित देहाय बमोजिमको सवालहरुमा प्रयाप्त सुधार गर्नुपर्ने देखिन्छः

- गाउँपालिकाको संगठन संरचनामा राजश्व शाखा गठन भइसकेको छ । अनलाईन मार्फत राजश्वसम्बन्धी संकलन र अभिलेख राख्ने कार्य भई रहेको छ । प्रर्याप्त स्थान सहितको कोठाको व्यवस्थापन गरी आवश्यक दक्ष कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरी सुदृढ गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका धार्मिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखांकन, संरक्षण, प्रर्वदन र विकास गरी पर्यटकीय गन्तब्यको रुपमा विकसित गर्दै कर एवम् राजश्वको श्रोतमा रुपान्तरण गराउन आवश्यक रहेको देखिन्छ । गाउँपालिका अन्तर्गतका

ऐलानी पर्ती जग्गाहरूको पहिचान गरी गाउँपालिकाको अधिनमा रहने प्रवन्ध मिलाइ ती जग्गाहरूलाई विभिन्न ढङ्गले उपयोग गरी आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

- गाउँपालिका क्षेत्रमा रहेका धार्मीक तथा ऐतिहासिक स्थल, पार्क तथा पिकनिक स्थलहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि पर्यटन बोर्डसंग समन्वय गरी पर्यटकीय गुरुयोजना तयार पार्ने र यस कार्यलाई करको दायरामा ल्याउने ।
- बजार व्यवसायीहरूसंग सहकार्य गरी व्यवसाय दर्ता गर्ने प्रकृया थालनी गर्ने र अन्य सरोकारवालसंग छलफल एवं सहकार्य गरी व्यवसाय करसम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ ।
- सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम प्रभावकारी ढंगले संचालन गरी कर चुहावटलाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ ।
- करको सम्भावना भएका शीर्षकमा करको दर निर्धारण नभएको र भविष्यमा असुल हुन सक्ने क्षेत्रमा दर निर्धारण भएको देखिएकोले करको दायरा तथा दरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने देखिन्छ ।
- राजश्व तथा कर दस्तुर असुल गर्नका लागि वडाहरूमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा संचालन गर्नुपर्ने ।
- राजश्व शाखाको प्रशासनिक क्षामता वृद्धि गरि प्रभावकारी ढंगले क्रियाशिल गराउन श्रोत अनुमान समिति र राजश्व परामर्श समितीको भुमिका अझ बढी र प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

**४.३ आन्तरिक आय परिचालन**

यस गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा ४% को हाराहारीमा रहेको छ । आन्तरिक आय तर्फ सम्पति कर, भूमि कर, घर जग्गा वहाल कर, व्यवसाय दर्ता नविकरण, नक्शापास, सिफारिश तथा प्रमाणित दस्तुरहरु रहेका छन् । तसर्थ आगामी दिनमा समेत आन्तरिक आयतर्फ गाउँपालिकाको लागि सम्पत्ति कर, भूमि कर, ब्यवसाय कर, घरजग्गा वहाल कर, नक्शापास, रिफारिश तथा प्रमाणित दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन् । गैरकर राजश्व तर्फ केहि सेवा शुल्क र दस्तुरहरुको संभावना रहेको देखिन्छ । गाउँपालिकासँग विगत आर्थिक वर्षहरुको तथ्यांकको शीर्षकगत आयसम्बन्धी अभिलेख ब्यवस्थित देखिदैन । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थको नजिक पुऱ्याउन कठिनाइ रहेको छ । गाउँपालिकाबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाले विगत आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ मा संकलन गरेको यथार्थ आय विवरण देहाय अनुसार रहेको छः

*तालिका 14 गाउँपालिकाको आयको अवस्था*

| आय शीर्षक | यथार्थ ०७६/७७ | यथार्थ ०७७/७८ | यथार्थ ०७८/७९ |
|---|---|---|---|
| **क) आन्तरिक आय** | ११८७६५४६ | ९७६७७८८ | २१४२४६३८ |
| अन्तरिक श्रोत | ११८७६५४६ | ९७६७७८८ | २१४२४६३८ |
| **ख) राजश्व बाँडफाँडबाट प्राप्त आय** | | | |
| राजस्व बाडफाड | ६२३३१९६५ | २९१५३१५६ | ८३४०९८७५ |

| | | | |
|---|---|---|---|
| संघीय सरकार संग नगद | ५०६९५४५५ | २१४४३७८३ | १५६४२८७५ |
| प्रदेश सरकारसंग नगद | ११६३६५१० | ७७०९३७३ | ६७७६७००० |
| **ग) अनुदान** | | | |
| **१. संघीय सरकार** | ३२६३१०००० | ३७२०६४५४० | ४३५६३०००० |
| समानिकरण अनुदान | १३१६००००० | १३०८००००० | १६७०००००० |
| शसर्त अनुदान चालु | १९२२१०००० | २३१२६४५४० | २०८७३०००० |
| शसर्त अनुदान पुँजिगत | ० | ० | २२४००००० |
| बिषेश अनुदान चालु | २५००००० | ० | १६७००००० |
| समपुरक अनुदान चालु | ० | १०००००००० | २०८००००० |
| **२. प्रदेश सरकार** | ३४२८२००० | ४४८९४००० | ४७२५७००० |
| समानिकरण अनुदान | ९९७८००० | ९९७३००० | ११८३०००० |
| शसर्त अनुदान चालु | १६०४३००० | २१९२१००० | ८३०९००० |
| शसर्त अनुदान पुँजिगत | ० | ० | १०००००००० |
| बिषेश अनुदान चालु | ० | ३०००००० | ० |
| समपुरक अनुदान चालु | ८२६१००० | १०००००००० | १७११८००० |

स्रोतः गाउँपालिका राजस्व शाखा २०७८

### ४.३ राजश्व प्रशासन तथा नीतिसम्बन्धी सवालहरू

उपरोक्त ब्यवस्थालाई मध्यनजर गर्दा यस गाउँपालिकाको हालको राजश्व परिचालनका सम्बन्धमा निम्न सवालहरू विद्यमान रहेको देखिन्छ ।

- राजश्व प्रशासनसम्बन्धी सबै आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार नहुनु
- राजश्व प्रशासनका लागि सिप एवं क्षमताले प्रयुक्त कर्मचारी कमी हुनु
- राजश्वसम्बन्धी अभिलेख समेटिएको वस्तुगत विवरण नहुनु
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल नगर्नु
- राजस्व असुलीमा राजनैतिक प्रतिवद्धता नदेखिनु ।

### ४.४ प्रभावकारी राजश्व परिचालनका प्रमुख पक्षहरू

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजश्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गर तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । त्रिपुरासुन्दरी गाउँपालिकाले राजश्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् ।

#### ४.४.१ कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघीय कानुनले प्रदान गरेका राजश्व अधिकारसम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजश्व परिचालनका लागि करको दायरा तथा दरमा परिमार्जन गरी विनियोजन ऐन, आर्थिक ऐन, नियमावली तथा विभिन्न कार्यविधिहरू समयमै अद्यावधिक गरी नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ४.४.२ उपयुक्त संगठन निर्माण

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजश्व अभिलेख तथा सूचना प्रणाली सहित राजश्व परिचालनका लागि सुदृढ राजश्व शाखाको व्यवस्था गर्नु पर्ने देखिन्छ । साथै वडा कार्यालयलाई केही शीर्षकहरूमा राजश्व असुलीको जिम्मेवारी दिइएकोले वडाका कर्मचारीहरूलाई आवश्यक तालिम दिई दक्ष बनाउनु पर्ने देखिन्छ ।

### ४.४.३ तथ्यांकमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण

गाउँपालिकाले तयार पारेको करको दायरा र दर रेटले सबै क्षेत्रलाई समेट्न नसकेकोले गाउँपालिकाले संकलन गर्न सक्ने विभिन्न कर तथा गैह्र करका दायरा तथा दरहरूको विवरण आवधिक गर्नुपर्ने देखिन्छ । आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजश्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ ।

### ४.४.४ विभिन्न आयमूलक कार्यक्रम

आफ्नो आन्तरिक आय वृद्धिका लागि विभिन्न संघ संस्थाहरूसंग समन्वय गरी विभिन्न किसिमका युवा अभिमुखीकरण, सीपमुलक तथा आयमुलक कार्यक्रमहरू संचालन गरी नगरमा ठुलो संख्यामा रहेका महिला तथा युवा जनसंख्यालाई उद्यमी वा अन्तर उद्यमीको रुपमा रुपान्तरण गरी नगरवासीहरुको कर तिर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसकालागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यवसायीक सेवामुलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न नीजि क्षेत्रसंग समन्वय गर्न आवश्यक देखिन्छ । घरेलु तथा साना उद्योग विकास समितिसंग समन्वय गरी लघु साना एवम मझौला उद्यमीहरूको सृजना गर्नुपर्ने देखिन्छ । नगर क्षेत्रमा संचालित व्यापार, पर्यटन, कृषि र व्यवावसाय लगायतका थप आयमुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

### ४.४.५ पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजश्व प्रशासनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिक प्रति जवाफदेही हुन आवश्यक छ । जुन शीर्षकबाट आय आर्जन भएको हो सोही शीर्षकमा नै बढी खर्च गर्दा स्थानीय वासीहरूमा राम्रो सन्देश जान सक्दछ । सकंलित राजश्व तथा खर्चको सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ ।

### ४.४.६ परिवर्तित ब्यवस्था अनुसार राजश्व संकलन

परिवर्तित ब्यवस्था अनुसार राजश्व संकलनको लागि कानूनी ब्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजश्व शीर्षकहरूमा समन्वयात्मक तरिकाले राजश्व संकलन गर्नु, तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ ।

# परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्विवितिय स्रोतबाट सङ्कलित सूचना विश्लेषण तथा अन्तर्क्रियाबाट तयार गरिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । गाउँपालिकाको राजश्वसम्बन्धी अधिकार, करको दायरा, दररेट संम्बन्धी सरोकारवालाहरूसंगको छलफलमा राजश्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधिमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ ।

**क) कर राजश्व सुधार योजना**

*तालिका 15 कर राजश्व सुधार योजना*

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **सम्पति कर** | | |
| १.१ | सम्पति कर व्यवस्था कार्यविधि तर्जुमा गरी पारित गर्ने | २०८० फागुन सम्म | राजश्व परामर्श समिति र प्रप्रअ |
| १.२ | सम्पत्ति करलाई थप स्पष्ट गर्न संघीय कानुनको भावना अनुसार आर्थिक ऐन परिमार्जन गर्ने | २०८० असार मसान्त सम्म | राजश्व परामर्श समिति र गाँउसभा |
| १.३ | सम्पत्ती करबारे सबै वडामा जनचेतना कार्यक्रम संचालन गर्ने | २०८० कार्तिक देखि निरन्तर | आर्थिक प्रशासन शाखा तथा वडा कार्यालय, राजस्व परामर्श समिति |
| १.४ | सम्पत्ती कर लगायत अन्य करहरुको लागि एकिकृत सफ्ट्वेयर खरीद तथा सो सम्बन्धी तालिमको व्यवस्था गर्ने | २०८० कार्तिक | गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| १.५ | सम्पत्ति कर प्रशासनका लागि थप भौतिक सामग्रीहरुको व्यवस्था गर्ने र संकलन गर्न अध्ययन गर्ने (वडा कार्यलयमा) | २०८० माघ | गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| १.६ | सम्पत्ति कर प्रशासनमा GIS Mapping Tools लाई समेतमा प्रयोगमा ल्याउने | २०८० असार मसान्त सम्म | प्राविधिक शाखा र प्रप्रअ |
| **२** | **भूमिकर/मालपोत** | | |
| १.१ | जग्गाको वर्गिकरण अनुसार राजमार्गसँग र मुख्य सडकमा जोडिएका कित्ताको विवरण संकलन गर्ने | २०८० असोज मसान्त सम्म | आर्थिक प्रशासन शाखा र वडा कार्यालय |
| १.२ | मालपोत कार्यालयहरुबाट जग्गाको नयाँ लगत र मूल्यांकन दर प्राप्त गर्ने | २०८० असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत र अध्यक्ष |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १.३ | जग्गाको उपयोग अनुसार पूनःवर्गिकरण गर्न वडा र टोल समूहहरुसँग परामर्श गर्ने | २०८० फागुन सम्म | राजश्व परामर्श समिति |
| ३ | **घरजग्गा वहाल कर** | | |
| ३.१ | वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने । | २०८० असार सम्म | राजश्व शाखा, वडा कार्यालय, प्रप्रअ |
| ३.२ | घर तथा जग्गा धनि र वहालवालाहरू बिचको वहाल सम्झौता अनिवार्य गर्ने । | २०८० मंसिर सम्म | राजश्व शाखा, गाँउ कार्यपालिका, प्रप्रअ |
| ३.३ | घरजग्गा वहाल रकम मूल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने । | २०८० असार सम्म | राजश्व शाखा र गँउ कार्यपालिका |
| ३.४ | घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने । | २०८० असार सम्म | गाँउ कार्यपालिका र प्रप्रअ |
| ४ | **व्यवसाय कर** | | |
| ४.१ | व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धि प्रणालीलाई व्यवस्थित गर्न व्यवसाय कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने | २०८० असार मसान्त सम्म | राजश्व परामर्श समिति र प्रप्रअ |
| ४.२ | व्यवसायीका प्रतिनिधिहरूसंग समन्वय गरि व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा व्यवसायको वर्गीकरण गर्ने । | २०८० जेष्ठ मसान्त सम्म | राजश्व परामर्श समिति, गाँउकार्यपालिका र प्रप्रअ |
| ४.३ | व्यवसाय करको दरलाई वर्गिकरणको आधारमा पुनरावलोकन गरि आर्थिक ऐनमा समावेश गर्ने । | २०८० असार मसान्त सम्म | राजश्व परामर्श समिति र गाँउसभा |
| ४.४ | व्यवसाय संचालनको लागि गाँउपालिकाको इजाजत लिनुपर्ने ब्यवस्था अनिवार्य गरि व्यापक प्रचार प्रसार गर्ने । | २०८० श्रावण देखि | राजस्व शाखा र वडा कार्यालय |
| ४.५ | उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व कार्यालय, घरेलु कार्यालय तथा अन्य | २०८० मंसिर देखि निरन्तर | गाँउ कार्यपालिका |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | मुख्य सरोकारवालासँग गाँउपालिकाले समन्वय र नियमित अन्तरक्रिया गर्ने । | | |
| ४.६ | राजस्व शाखामा असुली अभिलेख अद्यावधिक गर्ने । | २०८० श्रावण १ देखि | राजश्व शाखा |
| ४.७ | व्यवसायको तथ्यांक/लगत, व्यवसाय करको दर तथा संकलनको अवस्था सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने । | चौमासिक रुपमा | राजस्व परामर्श समिति र गाँउ कार्यपालिका |
| ४.८ | व्यवासाय दर्ता तथा कर संकलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गर्ने | २०८० श्रावण देखि त्रैमासिक रुपमा | आर्थिक प्रशासन शाखा र वडा कार्यालयहरु |
| ४.९ | व्यवसाय कर सम्बन्धमा आर्थिक ऐनमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने । | २०८० असोज देखि | गाँउसभा |
| **५** | **विज्ञापन कर** | | |
| ५.१ | बिभिन्न स्थानमा भएका होडिङ्ग बोर्डको बारेमा सुचना संकलन गरी सम्बन्धित बिज्ञापन दातासंग कर असुल गर्ने। | २०८० श्रावण देखि | आर्थिक प्रशासन शाखा र प्रमुख प्रशासकिय अधिकृत |
| ५.२ | बिभिन्न समयमा लगाईने मेलापर्वको विज्ञापनको कर असुल गर्ने। | २०८० श्रावण देखि | आर्थिक प्रशासन शाखा र प्रमुख प्रशासकिय अधिकृत |

### ख) गैर कर राजश्व सुधार योजना

*तालिका 16 गैर कर राजश्व सुधार योजना*

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **घर नक्शा पास एवं रजिष्ट्रेशन दस्तुर** | | |
| १.१ | घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने | २०८० श्रावण देखि | प्राविधिक शाखा र प्रमुख प्रशासकिय अधिकृत |
| १.२ | गाँउपालिका भित्र भएका पक्की तथा कच्ची घरहरुको अभिलेखिकरण गर्ने | २०८० श्रावण देखि निरन्तर | कार्यपालिका र प्राविधिक शाखा |
| १.३ | मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान पूर्ण रुपमा लागु गर्ने । | २०८० असार देखि | प्राविधिक शाखा र भवन तथा नक्शापास उपशाखा |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १.४ | घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने । | २०८० मंसिर देखि | राजश्व परामर्श समिति, भवन तथा नक्शा पास उपशाखा, गाँउ सभा |
| १.५ | गाँउपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने। | २०८० श्रावण देखि | भवन तथा नक्शा पास उपशाखा र गाँउ कार्यापलिका |
| १.६ | नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने । | २०८० मंसिर देखि | भवन तथा नक्शा पास उपशाखा र गाँउ कार्यापलिका |
| **२** | **वहाल विटौरी शुल्क** | | |
| २.१ | गाउँपालिका क्षेत्रभित्र भएका सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचनाबारे तथ्यांक संकलन गर्ने | २०८० असार मसान्त सम्म | प्राविधिक शाखा, प्रमुख प्रशासकिय अधिकृत |
| २.२ | सार्वजनिक जमिनमा रहेका संरचना र विद्यमान उपयोगको अवस्था हेरी शुल्क निर्धारण गर्ने | २०८० श्रावण देखि | राजश्व परामर्श समिति र गाँउसभा |
| २.३ | हाटबजार र बजारमा रहने अस्थायी पसलहरुको पटके शुल्क निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने | २०८० असार मसान्त सम्म | राजश्व परामर्श समिति र गाँउसभा |
| २.४ | विटौरी शुल्क तिर्नुपर्ने करदाताहरुलाई सूचित गर्ने | २०८० मंसिर मसान्त सम्म | आर्थिक प्रशासन शाखा |
| २.५ | वहाल विटौरी शुल्कको दायराभित्र सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरेवापत लाग्ने शुल्कलाई आर्थिक ऐनमा उल्लेख गर्ने । | २०८० असार मसान्त सम्म | गाँउ कार्यपालिका र प्रप्रअ |
| **३** | **दर्ता, नविकरण तथा अनुमती दस्तुर** | | |
| ३.१ | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, वित्तिय संस्था, स्वास्थ्य संस्था, मर्मत संभार, स्थानीय व्यापारीक फर्म | २०८० फागुन मसान्त सम्म | गाँउ कार्यपालिका, प्रप्रअ |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने | | |
| ३.२ | दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा सेवा शुल्क दस्तुरबाट टुक्र्याउने | २०८० असार मसान्त | राजश्व परामर्श समिति, गाँउ सभा |
| **४** | **ढुंगा, गिट्टी, वालुवा, स्लेट आदिको बिक्री** | | |
| ४.१ | बिगतमा उत्खनन र विक्री भईरहेका लाई निरन्तरता दिने र यसवाहेक थप खोला र नीजि खानिहरुको पहिचान गर्ने।<br>हाल बालुवा निकाल्ने क्षेत्र वा खोलाको IEE अनुसारको परिमाणको लागत तयार गर्ने | २०८० असार मसान्त | गाँउपालिका अध्यक्ष र प्रप्रअ |
| ४.२ | माथी उल्लेखित स्रोतहरुमा प्रारम्भिक वातावरणिय अध्ययन गराउने | २०८० फाल्गुन मसान्त | कार्यपालिका र प्राविधिक शाखा |
| ४.३ | थप भएका खानी र खोलाहरुको छुट्टै प्याकेजमा ठेक्का आह्वान गर्ने | २०८० मंसिर मसान्त | कार्यपालिका |
| ४.४ | दहत्तर बहत्तर शुल्क सम्बन्धि दफा आर्थिक ऐनमा थप गरी दर निर्धारण गर्ने | २०८० असार मसान्त | राजश्व परामर्श समिति र गाँउसभा |
| ४.५ | काम र बिक्रीको नियमित अनुगमन सुनिश्चित गर्ने | २०८० भाद्र | कार्यपालिका, राजश्व परामर्श समिति |
| **५** | **सरकारी सम्पत्तिको बहाल र विक्री** | | |
| ५.१ | गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने । | २०८० असार मसान्त | कार्यपालिका, राजश्व परामर्श समिति |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ५.२ | गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने । | २०८० असार मसान्त | कार्यपालिका, राजश्व परामर्श समिति |
| ५.३ | कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने । | २०८० असार मसान्त | कार्यपालिका, राजश्व परामर्श समिति |
| **६** | **सेवा शुल्क** | | |
| ६.१ | शुल्क असुलीलाई कडाईका साथ लागू गर्ने | निरन्तर | कार्य पालिका |
| **७** | **दिर्घकालिन आयस्रोतको पहिचान तथा संभाव्यता** | | |
| ७.१ | गाँउपालिकाको दिर्घकालिन आय हुनसक्ने संभाव्य क्षेत्रहरुको पहिचान गर्ने<br>▪ मुख्य बजार र राजमार्ग आसपास भवन वा सटर<br>▪ बजार क्षेत्रमा खानेपानी आयोजना संचालन<br>▪ अस्पताल निर्माण तथा संचालन<br>▪ सामुदायिक भवन तथा सभाहल<br>▪ हाटबजार पूर्वाधार<br>▪ पर्यटकिय क्षेत्रको पूर्वाधार<br>▪ राजमार्ग आसपास बजारको विकास | २०८० असार मसान्त | गाँउ कार्यपालिका, गाँउ सभा |
| ७.२ | पहिचान भएका क्षेत्रहरुको संभाव्यता अध्ययनका लागि रकम विनियोजन गर्ने | २०८० श्रावण मसान्त | गाँउ कार्यपालिका |

# परिच्छेद - छः आगामी तीन बर्षको आय प्रक्षेपण

